# शीत भण्डार निर्माण अनुदान कार्यविधि, २०७५

**<u>प्रस्तावना:</u>** कृषि उपजहरुको उत्पादन उपरान्तको क्षति न्यूनिकरण गर्न,गुणस्तर प्रवर्द्धन गर्न, आवश्यक परिमाणमा उपलब्धता सुनिश्चित गर्न र व्यवसायिक तथा औद्योगिक उत्पादन एवं बजारीकरणमा सहयोग गर्न प्रयाप्त भण्डारण सुविधाका लागि प्रदेश सरकारको नीति तथा कार्यक्रमको बुँदा नं. ५० मा निर्दिष्ट भए अनुसार शीत भण्डार निर्माण कार्यक्रम निजी वा सहकारी क्षेत्र र प्रदेश सरकार प्रदेश नं. ५, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको साझेदारीमा शीत भण्डार वा प्रिफ्याब्रिक शीतभण्डार निर्माण तथा व्यवस्थापन गर्न आवश्यक मापदण्ड बनाउन बाञ्छनीय भएकोले प्रदेश सरकार प्रदेश नं. ५, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले "शीतभण्डार निर्माण अनुदान कार्यविधि २०७५" बनाई लागू गरेको छ ।

## परिच्छेदः १

## <u>प्रारम्भिक</u>

१. **<u>संक्षिप्त नाम र प्रारम्भः</u>** (१) यस कार्यविधिको नाम "शीतभण्डार निर्माण अनुदान कार्यविधि २०७५" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२.**<u>परिभाषा:</u>** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः-

(क) "कार्यक्रम" भन्नाले शीतभण्डार निर्माण कार्यक्रम भन्ने सम्झनु पर्छ ।

(ख) "कार्यविधि" भन्नाले "शीत भण्डार निर्माण अनुदान कार्यविधि, २०७५"लाई सम्झनु पर्छ ।

(ग) "निर्देशनालय" भन्नाले कृषि विकास निर्देशनालय सम्झनु पर्छ।

(घ) "भौतिक पूर्वाधार"भन्नाले शीत भण्डारका लागि आवश्यक पर्ने भौतिक पूर्वाधार तथा मेशिनरी औजार सम्झनु पर्छ ।

(ङ) "मन्त्रालय" भन्नाले प्रदेश नं. ५ भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय सम्झनु पर्छ।

(च) "संस्था" भन्नाले प्रचलित कानून बमोजिम सम्बन्धित निकायमा दर्ता भएको निजी कम्पनी फर्म वा सहकारीलाई सम्झनु पर्छ ।

(ज) "समिति" भन्नाले दफा ६ बमोजिम गठित समितिलाई सम्झनुपर्छ।

(झ) "समूह" भन्नाले प्रक्रियागत रुपमा सम्बन्धित निकायमा दर्ता भएको कृषक समूहलाई सम्झनुपर्छ।

(ञ) "शीत भण्डार" भन्नाले विभिन्न कृषि उपजहरु आलु, तरकारी, फलफूल, मासु तथा पशुजन्य उपजको भण्डार तथा प्याजका लागि भेण्टिलेटेड भण्डारका लागि प्राविधिक रुपमा उपयुक्त शीत भण्डार तथा प्रिफ्याब्रिक शीत भण्डारलाई सम्झनु पर्छ ।

(ट) "उपभोक्ता" भन्नाले शीत भण्डार निर्माण तथा सञ्चालन गर्ने निजी कम्पनी, कृषि सहकारी, कृषक समूह, फर्म वा स्थानीय तहबाट गठित समितिलाई सम्झनु पर्छ ।

**३. <u>कार्यक्रम सञ्चालनको उद्देश्यहरुः</u>** (१) कार्यक्रमका उद्देश्यहरु देहाय बमोजिम रहेका छन्

(क) कृषि उपजहरुको भण्डारणमार्फत संरक्षण तथा मूल्य अभिवृद्धिमा सहयोग पुऱ्याउने,

(ख) उत्पादन तथा उत्पादकत्व बृद्धि गर्न आवश्यक गुणस्तरीय बीऊ (खास गरी आलु) उपलब्धता सुनिश्चित गर्ने,

(ग) उपभोक्तालाई गुणस्तरिय कृषि उपजहरु उपलब्ध गराउने,

(घ) व्यावसायिक, औद्योगिक तथा निर्यातमूलक कृषि उत्पादन प्रवर्द्धनका लागि प्रयाप्त भण्डारण सुविधा प्रत्याभूत गर्ने।

## परिच्छेद २

## <u>कार्यक्रम सञ्चालनका क्षेत्र र प्रकृया</u>

**४. <u>कार्यक्रम सञ्चालनका क्षेत्रः</u>** कार्यक्रम सञ्चालनको क्षेत्र छनौट गर्दा उत्पादन र बजारीकरणका हिसावले सम्भाव्य र रणनितिक रुपमा महत्वपूर्ण प्रदेश नं. ५ को जुनसुकै स्थानमा स्थापना तथा सञ्चालन गर्न सकिनेछ।

**५. <u>कार्यक्रम सञ्चालन प्रकृयाः</u>** (१) यस कार्यक्रमको सञ्चालन प्रकृया देहायबमोजिम हुनेछः

(क) यस कार्यक्रमको सञ्चालन मन्त्रालयले गर्नेछ।

(ख) शीतभण्डार निर्माण गर्न मन्त्रालयले राष्ट्रीय वा प्रदेशस्तरको पत्रिकामा ३० (तीस) दिने सूचना प्रकाशन गरी आयोजना प्रस्ताव माग गर्नेछ ।

(ग) आयोजना प्रस्ताव अनुसूची ४ बमोजिम मापदण्ड पुगेको हुनुपर्नेछ ।

(घ) प्रस्तावना फाराम अनुसूची ३ अनुसार भरी माग गर्नु पर्नेछ ।

(ङ) अनुसूची ३ को फारम, अनुसूची ४ बमोजिमको मापदण्ड र अनुसूची ५ अनुसारका आवश्यक कागजातहरु सहित भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, प्रदेश नं. ५ ले तोकेको कार्यालयमा प्रस्तावना दर्ता गर्नु पर्नेछ। दर्ता भएका प्रस्तावना म्याद सकिएको मितिले ७ दिनभित्र मन्त्रालयमा पठाई सक्नु पर्नेछ ।

(च) भौगोलिक सम्भाव्यताका आधारमा प्राप्त आवेदनहरुको स्थलगत प्रमाणीकरण तथा मूल्याङ्कन मन्त्रालयले गर्नेछ।

(छ) सिफारिस भएका आवेदकहरुको प्रस्तावित ईन्जिनियरिङ डिजाईन, लागत अनुमान तथा भौतिक पूर्वाधारहरुको अन्तिम लेखाजोखा मन्त्रालयले नै गर्नेछ तर कार्यान्वयनको चरणमा कुनै प्राविधिक रेखदेख, सुपरिवेक्षणको आवश्यकता परेमा मन्त्रालयले उपलब्ध गराउनेछ ।

(ज) कार्यविधिको कार्यान्वयन भन्दा अगावै मन्त्रालयबाट प्रदान गरिएको अनुदान लगायतका कुनै पनि सेवा सुविधा प्राप्त गरेका संस्थाहरुलाई दोहोरो सुविधा लिने गरी यस कार्यविधि बमोजिम सुविधा प्राप्त हुनेछैन। तर, सम्पन्न भइनसकेका कार्यक्रमलाई यस किसिमको सुविधा प्रदान गर्न सकिनेछ ।

६. **<u>समिति सम्वन्धी व्यवस्थाः</u>** (१) कार्यक्रम सञ्चालनको लागि यस कार्यविधि बमोजिम आवश्यक नीति तथा निर्देशनका लागि देहाय बमोजिमको निर्देशक समिति गठन गरिनेछ।

| | |
|---|---|
| (क) माननीय मन्त्री, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय- | अध्यक्ष |
| (ख) सचिव, आर्थिक मामिला तथा योजना मन्त्रालय | सदस्य |
| (ग) सचिव, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | सदस्य |
| (घ) सचिव, सामाजिक विकास मन्त्रालय | सदस्य |
| (ङ) सचिव, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय- | सदस्य-सचिव |

समितिले आवश्यकता अनुसार कुनै विशेषज्ञ वा पदाधिकारीलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(२) कार्यक्रम सञ्चालनको लागि मूल्याङ्कन समितिबाट मूल्याङ्कन भइ प्राप्त प्रस्तावहरुको स्वीकृति गर्न देहाय बमोजिमको अनुदान व्यवस्थापन समिति गठन हुनेछ ।

| | | | |
|---|---|---|---|
| (क) | सचिव | भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय | अध्यक्ष |
| (ख) | निर्देशक | कृषि विकास निर्देशनालय | सदस्य |
| (ग) | निर्देशक | पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय | सदस्य |
| (घ) | प्रमुख | प्रशासन तथा सहकारी विकास महाशाखा | सदस्य |
| (ङ) | प्रमुख | खाद्य सुरक्षा तथा कृषि व्यवसाय प्रवर्द्धन महाशाखा | सदस्य |
| (च) | प्रमुख | पशुपन्छी विकास महाशाखा | सदस्य |
| (छ) | प्रमुख | भुमि ब्यबस्था महाशाखा | सदस्य |
| (ज) | अधिकृत स्तर प्रतिनिधि | आर्थिक मामिला तथा योजना मन्त्रालय | सदस्य |
| (झ) | प्रमुख | योजना तथा अनुगमन महाशाखा | सदस्य सचिव |

समितिले आवश्यकता अनुसार कुनै विशेषज्ञ वा पदाधिकारीलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(३) <u>मूल्याङ्कन समितिको गठन :</u> (१) प्रस्तावहरुको मूल्याङ्कन गर्न देहाय बमोजिमको समिति गठन हुनेछ ।

(क) प्रमुख, खाद्य सुरक्षा तथा कृषि व्यवसाय प्रवर्द्धन महाशाखा — संयोजक

(ख) प्रमुख, खाद्य सुरक्षा प्रवर्द्धन शाखा — सदस्य
(ग) प्रमुख, पशुपन्छी व्यवसाय प्रवर्द्धन शाखा — सदस्य
(घ) प्रमुख-कृषि विकास निर्देशनालय ,कृषि इन्जिनीयरिङ्ग शाखा , — सदस्य
(ङ) प्रमुख, कृषि व्यवसाय प्रवर्द्धन तथा बजार विकास शाखा, — सदस्य-सचिव

समितिले आवश्यकता अनुसार कुनै विशेषज्ञ वा पदाधिकारीलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

७. **निर्देशन समितिको काम र कर्तब्य:** कार्यक्रम संचालनका लागि नीतिगत व्यवस्था तथा समस्या समाधान सम्बन्धमा आवश्यक निर्देशन दिने।

८. **अनुदान व्यवस्थापन समितिको काम, कर्तब्य र अधिकार:** समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछ ।

(१) मूल्याङ्कन समितिबाट मूल्याङ्कन भई आएका प्रस्तावहरु उपर छलफल गरी औचित्यता हेरी प्राप्ताङ्कको आधारमा स्वीकृत गर्ने ।

(२) अनुदानको सिमा तोक्ने ।

(३) प्रस्तावको औचित्य हेरी मूल्याङ्कन प्राथमिकतामा नपरेका प्रस्तावलाई पुनःमूल्याङ्कनका लागि मूल्याङ्कन समिति समक्ष पेश गर्न सकिनेछ।

(४) कुनै वा सबै प्रस्ताव अस्पष्ट लागेको खण्डमा पुनः मूल्याङ्कन गर्नका लागि फिर्ता मूल्याङ्कन समितिमा फिर्ता पठाउन सकिनेछ।

९.**मूल्याङ्कन समितिको काम, कर्तव्य र अधिकार:** (१) समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछ ।

(क) म्यादभित्र दर्ता भई प्राप्त हुन आएको प्रस्तावहरु चेकलिस्ट अनुसार जाँच गरी सूची तयार गर्ने,
(ख) सर्टलिस्टिङ गर्ने ,
(ग) नपुग कागजात भएको प्रस्तावहरुको छुट्टै सूची तयार गरी फायल खडा गर्नु पर्ने ,
(घ) सर्टलिस्टमा परेका प्रस्तावहरुको स्थलगत प्रमाणीकरण गर्ने,

(ङ) स्थलगत प्रमाणीकरणको आधारमा प्रस्तावहरुको मूल्याँकन गर्ने ,प्राप्ताङ्कको आधार प्राथमिकीकरणगरी प्राथमिकताको आधारमा सिफारिस सहित अनुदान व्यवस्थापन समितिमा स्वीकृतिका लागि पेश गर्ने ।

१०. **<u>आपूर्तिकर्ताले पालन गर्नुपर्ने शर्तहरु :</u>**(१) कार्यक्रम कार्यान्वयनका लागिआपूर्तिकर्ता डिलर वा फर्महरुले शीतभण्डार निर्माणका लागि आवश्यक मेशिनरी यन्त्रहरु उपलब्ध गराउँदा देहाय बमोजिमका शर्तहरु पालन गर्नु पर्नेछः

(क) शीत भण्डारमा प्रयोग हुने मेशिनरी सामग्रीहरु राष्ट्रिय वा अन्तरराष्ट्रिय मान्यता प्राप्त ब्राण्ड भएको हुनु पर्नेछ ।
(ख) शीत भण्डारमा प्रयोग हुने मेशिनरीहरुको घटीमा एक वर्षको ग्यारेन्टी तथा कम्तिमा पाँच वर्षसम्म सर्भिस ग्यारेन्टी सम्झौता भएको हुनु पर्नेछ।
(ग) उपभोक्तालाई मेशिनरी उपकरण माग गरिएको समयमा उपलब्ध गराउनु पर्नेछ ।
(घ) शीत भण्डारमा मेशिनरीहरु जडान गर्ने कार्य समेत गर्नु पर्नेछ ।
(ङ) आपूर्तिकर्तालाई उपभोक्ताको सिफारिस तथा विल भरपाइको आधारमा मन्त्रालय वा मातहतका कार्यालयबाट अनुदान वापतको रकम भुक्तानी दिइनेछ।
(च) कृषकले खरिद गरेको मेशिनरी औजारहरुको आर्थिक नियामावली, २०६४ बमोजिम प्रक्रिया पुरा गरी कोटेशन तथा विलभरपाई सहित भुक्तानीका लागि पठाउनु पर्नेछ।

११. **<u>उपभोक्ताले पालन गर्नुपर्ने शर्तहरुः</u>** (१)कार्यक्रम कार्यान्वयनका लागि देहाय बमोजिमका शर्तहरु पालनगर्नुपर्नेछः

(क) उपभोक्ता कृषि व्यवसायमा संलग्न भएको हुनुपर्नेछ ।
(ख) सहकारी वा कृषक समूहको हकमा शीतभण्डार निर्माणमा लाग्ने लागतको बढीमा ७५ प्रतिशत रकम वा कार्यक्रममा बजेट व्यवस्था तथा अनुदान व्यवस्थापन समितिको निर्णय बमोजिम अनुदान उपलब्ध गराइने र निजी संस्थाको हकमा ५० प्रतिशत रकम मात्र अनुदानमा उपलब्ध गराइनेछ ।
(ग)अनुदान प्राप्त गर्ने नीजि वा सहकारी संस्थाको नाममा जग्गा भएको लालपुर्जा वा कम्तिमा २० वर्षको जग्गा भोगाधिकारको करारनामा पत्रको प्रतिलिपि पेश गर्नुपर्ने छ।

(घ) त्रिपक्षीय सम्झौता उपभोक्ता, मेशिनरी औजार आपूर्तिकर्ता र मन्त्रालय वा मातहतका निकाय बीच हुनेछ ।

(ङ) उपभोक्ताले आपूर्तिकर्तालाई दिनुपर्ने लागत खर्च यकीन गरी भुक्तानी दिनु पर्नेछ ।

(च) अनुदानमा निर्माण भएका शीत भण्डार प्रयोग गर्ने आफ्नो समूह वा सहकारीका सदस्यहरुलाई सहुलियत दरमा उपलब्ध गराउनु पर्नेछ।

(छ) निर्माण भएको शीत भण्डार कम्तिमा दश बर्षसम्म अरुलाई विक्रि वितरण हस्तान्तरण गर्न पाइनेछैन।

१२. **अनुदान प्रवाह विधि** :(१) अनुदान प्रवाह विधि देहायबमोजिम हुनेछ ।

(क) कार्य सम्पन्न प्रतिवेदन तथा रनिङ्ग विल अनुसार हुन आउने अनुदान बापतको रकम ५०% कार्यसम्पन्न पश्चात ५०% र बाँकी रकम कार्यसम्पन्नपश्चात आपुर्तिकर्ताले पाउने रकम आपुर्तिकर्ताको खातामा र उपभोक्ताले पाउने रकम उपभोक्ताको खातामा मन्त्रालयबाट भुक्तानी दिइने छ ।

(ख) आपूर्तिकर्ताले पेश गरेको विवरणको आधारमा मन्त्रालय वा मातहतका कार्यालयद्वारा अनुगमन भई अनुगमन प्रतिवेदनको आधारमा अनुदान रकम भुक्तानी दिइनेछ ।

(ग) मन्त्रालयले सम्बन्धित मूल्याङ्कनबाट संलग्न कागजातहरु जाँच गरी सिफारिसको आधारमा अनुदान रकम भुक्तानी गर्नेछ ।भुक्तानी गर्दा प्रचलित कानूनबमोजिम १.५ प्रतिशत अग्रीम आयकर तथा २.५ प्रतिशत कन्टेन्जेन्सि कट्टा गरिनेछ। कन्टिन्जेन्सी बापतको रकम विशेषज्ञ परामर्श सेवा, निर्माण कार्यको सुपरभिजन, प्राविधिक सेवा तथा हेरालु कार्य आदिमा खर्च गर्न सकिनेछ।

१३. **कार्यान्वयन प्रक्रियाः** कार्यक्रम कार्यान्वयन प्रक्रिया देहायबमोजिम हुनेछ ।

(क)छनौट भएका संस्थाहरुले प्रचलित कानुन बमोजिम शीत भण्डारको नक्सा पास गराउनु पर्नेछ ।

(ख)शीतभण्डार स्थापनाका लागि सम्पूर्ण भौतिक पूर्वाधार निर्माणको कार्य र मेशिन उपकरणको जडान लगायतका कार्यहरु बढीमा दुई बर्ष भित्र र प्रिफ्याब्रिक शीत भण्डारको हकमा यसै आ.व.भित्र सम्पन्न गरिसक्नु पर्नेछ ।

(ग) यसरी स्थापना हुने शीतभण्डार स्थापनाका लागि भौतिक पूर्वाधारहरुको निर्माण, मेशिनरी उपकरण खरिद र जडान गर्न आवश्यक लागत खर्च सहितको एक मुष्ठ प्रस्तावका लागि नियमानुसार सम्वन्धित प्रस्तावकले पेश गर्नु पर्नेछ ।

(घ) निर्माण कार्यको नियमित अनुगमन, सुपरिवेक्षण तथा प्राविधिक सेवा मन्त्रालय र मातहतका कार्यालयबाट हुनेछ। आवश्यकता अनुसार साईट सुपरभाईजर मन्त्रालयले व्यवस्थापन गर्नेछ।

(ङ) संस्थाले आफ्नो बार्षिक लेखा परिक्षण, कारोबारको स्थिती प्रतिवेदन वार्षिक रुपमा मन्त्रालय वा मातहतका कार्यालयलाई उपलब्ध गराउनु पर्नेछ ।

## परिच्छेद ३

## कार्यक्रमको समन्वय, अनुगमन तथा मूल्याङ्कन व्यवस्था

१४. **कार्यक्रमको समन्वयः** कार्यक्रमको समन्वय भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय वा मातहतका कार्यालयबाट हुनेछ ।

१५. **अनुगमन तथा मूल्याङ्कन सम्बन्धि व्यवस्थाः** (१) कार्यक्रमको अनुगमनको व्यवस्था देहायबमोजिम हुनेछ ।

(क) सञ्चालित कार्यक्रमहरुको प्रदेशस्तरबाट नियमित अनुगमन तथा मूल्याङ्कनको कार्यभूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको हुनेछ ।

(ख) संचालित कार्यक्रमहरुको जिल्लास्तरमा नियमित अनुगमन तथा मुल्यांकनको कार्य सम्वन्धित कृषि ज्ञान केन्द्र र स्थानिय तहबाट हुनेछ । यसरी अनुगमन र सुपरिवेक्षण भएको प्रतिवेदन सम्वन्धित जिल्ला मार्फत माथिल्लो निकायमा पेश गर्नुपर्नेछ ।

१६. **संशोधन गर्न सकिनेः** यस कार्यविधिमा रहेका व्यवस्थाहरु आवश्यकता अनुसार भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले संशोधन गर्न सक्नेछ ।

**अनुसुची १**

प्रदेश सरकार
प्रदेश नं. ५
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
बुटवल, रुपन्देही

**शीतभण्डार पक्की वा प्रिफ्याब्रिक चिस्यान भण्डार निर्माण सम्बन्धि सूचना**

**प्रथम पटक प्रकाशीत मितिः २०७५/.../......**

प्रदेश सरकार, प्रदेश नं. ५भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, वुटवलद्वारा आ.व २०७५/०७६ को स्वीकृत वार्षिक शीत भण्डार स्थापना (Cold store) कार्यक्रम अनुसार साझेदारीमाशीतभण्डार निर्माण तथा संचालन गर्नका लागि इच्छुक कृषक समूह/ सहकारी संस्था/ नीजि कम्पनी /फर्म तथा स्थानीय तहले यो सूचना प्रकाशन भएको मितिले ३० (तीस) दिन भित्र आवश्यक कागजातहरु संलग्न गरी यस मन्त्रालयमातहतका कार्यालय वा तोकिएको कार्यालयमा निवेदन दर्ता गर्नुहुन सम्बन्धित सवैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।साथै निवदेन ढाँचा, प्रस्ताव ढाँचा, शीत भण्डारकोमापदण्ड, आवश्यक कागजातहरु र तोकिएको कार्यालय क्रमशः अनुसूची-२, ३, ४, ५ र ७ बमोजिम र अन्य विवरणहरु यस मन्त्रालयको वेव साइट molmac.p5.gov.np बाट प्राप्त गर्न सकिने छ ।

## अनुसूची २

<u>शीत भण्डार निर्माणका लागि दिने निवेदन ढाँचा</u>

श्री सचिव ज्यू                                                                 मितिः

....................

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय,

प्रदेश नं. ५ बुटवल ।

विषयः साझेदारीमा शीत भण्डार वा प्रिफ्याब्रिक चिस्यान भण्डार निर्माणको प्रस्ताव पेश गरेको वारे ।(कुनै एउटा मात्र लेख्ने)

प्रस्तुत विषयमा तहाँ मन्त्रालयबाट मिति ...................................... मा प्रकाशीत गरिएको सूचना अनुसार ............................................. बाली/वस्तु भणडारणका लागि .......................................................निर्माण गर्नआवश्यक भएकोले मन्त्रालयले तोकेको शर्तको अधिनमा रही साझेदारीमा शीत भण्डार निर्माण गर्न निम्न अनुसारको कागजातहरु यसै निवेदन साथ संलग्न राखि यो प्रस्तावना पेश गरेको छु ।

संलग्न कागजातरुः

१.

२.

३.

४.

दस्तखत

.............................

नाम ..................................

संस्थाको छापः

पद ..................................

ठेगाना ..............................

संस्थाको नाम ......................

सम्पर्क नं. .........................

ईमेल ...............................

## अनुसूची -३

(दफा ५ को खण्ड (घ) सँग सम्वन्धित)

(प्रस्ताव ढाँचा)

१.परिचयात्मक विवरणः

| | |
|---|---|
| आवेदक संस्थाको नामः | |
| ठेगानाः | |
| जिल्लाः<br>स्थानीय तहको नामः<br>वार्ड नं.<br>गाउँ/टोलः | |
| संस्थाको अध्यक्षको नामः | |
| अध्यक्षको फोन नं. | |
| सम्पर्क व्यक्तिको नामः | |
| सम्पर्क व्यक्तिको फोन नं. | |
| संस्था दर्ता नं.र मितिः | |
| संस्था दर्ता भएको कार्यालयको नामः | |
| सदस्य संख्याः | जम्मा..............महिला...............<br>पुरुष............ दलित........ जनजाति.....<br>अन्य........... |

२. लाभान्वित कृषक संख्याः प्रत्यक्ष..................... अप्रत्यक्ष.....................

३.आयोजनाको लागत विवरणः

| सहभागिता | रकम रु. | कैफियत |
|---|---|---|
| जम्मा लागत रु. | | |
| मन्त्रालयले व्यहोर्ने रु. | | |
| उपभोक्ता/ संस्थाले व्यहोर्ने रु. | | |

| | | |
|---|---|---|
| अन्य साझेदार संस्था भए रु. | | |

४. आयोजना प्रस्तावको विवरणः

क) शीतभण्डारको प्रकार...................................................... (अनुसूची-४ अनुसार)

ख) शीत भण्डारमा स्टोर गर्ने मुख्य उपजको विवरणः

उपजको नामः............................ परिमाण मे.टन. .............................

५. अनुमानित शीतभण्डार संचालनमा आउने मितिः– ....................

६. प्रक्षेपित कारोबार विवरण (मे.टन)

| विवरण/उपज | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |

७. शीत भण्डारको प्रभाव (शीत भण्डारमा स्टोरको लागि कहा कहाबाट आउने)क्षेत्रः

| क्र.सं. | स्थानीय तह र वार्ड नं. | क्षेत्रफल हेक्टर | उत्पादन मे.टन | स्टोर गर्ने परिमाण मे.टन. |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

८. आवेदक समूह/संस्थाको चल अचल पूँजिको विवरणः

| चल पुँजी | अचल पुँजी | कैफियत |
|---|---|---|
| | | |
| | | |

९. शीत भण्डार निर्माणका लागि उपलब्ध हुने जग्गाको विवरण

क) पाखो ........................ क्षेत्रफल.......................

ख) खेतः......................... क्षेत्रफल ......................

१०. संस्थाको स्वामित्वमा जग्गा छ वा छैन् ........................

११. सडक सुविधा छ वा छैन् ............

क) छैन भने सडकको संभावना विवरण ..............................

१२. ३ फेज क्षमता भएको विद्युतको व्यवस्था छ वा छैन ......................

क) छैन भने आवश्यक संभावना विवरण .........................

ख) छ भने शीत भण्डार स्थलबाट दुरी ................................ मिटर

अन्य आवश्यक विवरणहरु उल्लेख गर्नुपर्ने भए ............................

१३. संस्थाको आवश्यकता भौतिक पूर्वाधार तथा मशिनरी औजार को विवरणः

गोदाम भण्डार क्षमता ...........

अन्य भौतिक पूर्वाधार र तिनको क्षमता ...............

मशिनरी उपकरण ................

कार्यालय कोठा ...................

कम्पाउण्ड वाल/फेन्सिङ.....................

१४. शीत भण्डार संचालन गर्न सक्ने जनशक्ति छ ☐ वा छैन ☐

यदि छ भने अनुभव वर्ष..................

यदि छैन भने कसरी व्यवस्थापन गर्नु हुन्छ........................

१५.शीतभण्डारसंचालन योजना पेश गर्नु पर्नेछ ................

१६.वातावरण व्यवस्थापन विवरण ....................................

१७. बजार योजना विवरण............................................

१८.अन्य ....................................................................

उपर्युक्त बमोजिमको विवरणहरु जाने बुझे सम्म सहि छ यदि झुटो ठहरीएमा निवेदन स्वत खारेज भई कानून बमोजिम सहुँला बुझाउँला ।

| | |
|---|---|
| साक्षीः | निवेदक |
| दस्तखतः | दस्तखतः |
| नामः | नामः |
| पदः | पदः |
| मितिः | मितिः |

नोटः यो एउटा नमूना फाराम मात्र हो निर्दिष्ट गरेको बुँदामा रही विस्तृत प्रस्तावना पेश गर्नु पर्नेछ।

## अनुसूची ४

(दफा ४ (ग) सँग सम्वन्धित)

<u>शीतभण्डारको मापदण्ड</u>

| विवरण | शीतभण्डारको क्षमता (मे.टनमा) | आवश्यक जमीन | कैफियत |
|---|---|---|---|
| १. शीत भण्डार | | | |
| १.आलु तरकारी तथा फलफूलका लागि | ५०० देखि ७००<br>>७०० देखि १२००<br>>१२०० देखि २०००<br>>२००० देखि ३०००<br>>३००० देखि ४०००<br>४००० भन्दा बढी | १२०० वर्ग मि.<br>२००० वर्ग मि.<br>३००० वर्ग मि.<br>४००० वर्ग मि.<br>५००० वर्ग मि.<br>७००० वर्ग मि. | १.जग्गा आफ्नै स्वामित्वमा भएको वा घटीमा २० बर्षका लागि भाडामा लिएको हुनु पर्नेछ । |
| २. प्रिफ्याब्रिक चिस्यान भण्डार | | | २. कूल लागतको अधिकतम ७५ प्रतिशत अनुदान दिइनेछ । |
| १. आलु, आलु बीउ,तरकारीतथाफलफूललागि<br>२. केरा पकाउन | कम्तिमा २५<br>>२५ देखि ५०<br>>५० देखि १००<br>>१०० देखि २०० | १००० बर्ग मि.<br>१८०० बर्ग मि.<br>२७०० बर्ग मि.<br>६००० बर्ग मि. | |
| ३. चिस्यान भण्डार | | | |
| १. मासु तथा पशु जन्य उपजका लागि | १० देखि २०<br>>२० देखि ४०<br>>४० देखि ६० | २०० बर्ग मिटर भन्दा बढी<br>३५० बर्ग मिटर | |

| | | | |
|---|---|---|---|
| | >६० देखि १०० | भन्दा बढी<br>५०० बर्ग मिटर<br>भन्दा बढी १०००<br>बर्ग मिटर भन्दा बढी | |

## अनुसूची ५

संलग्न गर्नुपर्ने कागज पत्रहरु

(दफा ५ खण्ड (ग) सँग सम्वन्धित)

१) अनुसुचि-२ वमोजिमको निवेदन १ प्रति ।

२) अनुसुचि-३ वमोजिमको प्रस्तावना १ प्रति ।

३) समूह/सहकारी सदस्यको हकमा समूह/सहकारीको निर्णय प्रतिलिपि १/१ प्रति ।

४) तोकिएको सम्पर्क व्यक्ति/सदस्यको नागरिकताको प्रतिलिपि र पासपोर्ट साइजको फोटो १/१ प्रति ।

५) समूह/सहकारी गत आ.व. सम्म दर्ताभएको हुनु पर्नेछ ।

६) समूह /सहकारी दर्ता नविकरण प्रमाणपत्रको प्रतिलिपि १ प्रति ।

७) नीजि कम्पनी/ फर्म र सहकारीहरुको हकमा लेखा परिक्षण प्रतिवेदन, कर चुक्ता प्रमाणपत्र, भ्याट/प्यान दर्ता प्रमाणपत्रको प्रतिलिपि १/१ प्रति ।

८) अनुसूची -४ बमोजिम जमिनको स्वामित्व संस्थाको नाममा रहेको लालपुर्जाको प्रतिलिपि वा २० बर्षको जग्गाको करारनामा पत्र सहित लालपुर्जाको प्रतिलिपी हुनु पर्नेछ । करारनामा रजिष्टर्ड लेखनदासबाट गराउनु पर्नेछ ।

९) सडक, विद्युत-३फेज र खानेपानीको सुलभ पहुंच भएको वा हुन सक्ने हुनु पर्नेछ ।

१०) शीतभण्डार बनाउने स्थान देखाउने हाते नक्सा ।

११. आगामी ५बर्षको लागि व्यवसायिक प्रक्षेपण सहितको कार्य योजना ।

१२. वातावरण व्यवस्थापन सम्बन्धी योजना।

१३. पूर्ण ईन्जिनियरिङ्ग डिजाईन सहितको नक्सा, स्थानीय तहको मापदण्ड अनुसार स्वीकृत नक्सा पेश गर्नु पर्नेछ। तर यो डिजाइन नक्सा कार्यक्रम स्वीकृत भएमा मात्र पेश गर्नु पर्नेछ ।

**अनुसूची ६**

<u>प्रस्ताव मुल्याङ्कन फाराम</u>

दर्ता नं.

समूह/संस्थाको नामः

ठेगानाः

मुल्याङ्कनका आधारहरु

| क्र.सं. | मुल्याङ्कनका आधारहरु(**Evaluation Criteria**) | अधिकतम अङ्क | कैफियत |
|---|---|---|---|
| १ | शीत भण्डारको औचित्य | २५ | |
| २ | प्राविधिक पक्षहरु | १५ | |
| ३ | वित्तिय व्यवस्थापन तथा संचालन क्षमता | २० | |
| ४ | उपजहरुको बजारीकरण पक्षहरु | १० | |
| ५ | शीत भण्डारको दिगोपना | १० | |
| ६ | व्यवस्थापकीय पक्षहरु | १० | |
| ७ | वातावरण व्यवस्थापन पक्ष | १० | |
| | जम्मा अङ्क | १०० | |

मुल्याङ्कन कर्ताको

दस्तखतः

नामः

पदः

कार्यालयः

मितिः

## अनुसूची-७

## शीत भण्डार पक्की वा प्रिफ्याब्रिक चिस्यान भण्डार निर्माणका लागी प्रस्तावना दर्ता गर्न सकिने कार्यालयको बिवरण

| जिल्ला | कार्यालय | कै. |
|---|---|---|
| नवलपरासी पश्चिम | कृषि ज्ञान केन्द्र, परासी | |
| रुपन्देही | भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, भैरहवा | |
| कपिलबस्तु | कृषि ज्ञान केन्द्र वा भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र,तौलिहवा | |
| पाल्पा | कृषि ज्ञान केन्द्र, तानसेन | |
| गुल्मी | कृषि ज्ञान केन्द्र ,तम्घास | |
| अर्घाखांची | कृषि ज्ञान केन्द्र, सन्धिखर्क | |
| प्यूठान | प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन इकाइ, धान जोन प्युठान | |
| रोल्पा | कृषि ज्ञान केन्द्रवा भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, लिवाङ्ग | |
| दाङ्ग | कृषि ज्ञान केन्द्रवा भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, घोराही | |
| बांके | कृषि ज्ञान केन्द्र वा भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र,नेपालगंज | |
| बर्दिया | प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन इकाइ, सुपरजोन बर्दिया | |
| रुकुम पूर्ब | शिश्ने गाँउपालिका, कृषि शाखा रुकुमकोट वा कृषि ज्ञान केन्द्र लिवाँङ्ग | |

| | | |
|---|---|---|
| | रोल्पा | |